# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९** **संख्याः ९** **मितिः २०८२।०४।०५**

## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपलिकाको खेलकुद ऐन, २०८२

**प्रस्तावना :** बागमती गाउँपालिकामा युवा सशक्तीकरण, युवा उद्यमशीलता एवम नेपाली खेलकुदको प्रवर्द्धन गर्न, खेलकुद, खेल संस्कृतिको विकास, खेलकुद पूर्वाधार निर्माण, खेलाडीको व्यवसायिक सुरक्षा, वडास्तरीय, गाउँपालिकास्तरीय प्रदेश, राष्ट्रिय अन्तर्राष्ट्रिय युवा सम्मेलनहरू तथा खेलकुद प्रतियोगितामा युवाको सहभागिता जनाउने वातावरण सिर्जना गर्ने र युवा तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (४) (क) ले दिएको अधिकार बमोजिम बागमती गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " बागमती गाउँपलिकाको खेलकुद ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "युवा" भन्नाले १६ देखि ४० वर्षसम्मका नागरिकलाई सम्झनु पर्दछ ।

(ख) "खेलकुद" भन्नाले शारीरिक तथा मानसिक प्रयास र सीपको माध्यमबाट व्यक्तिगत वा समूहमा प्रतिस्पर्धात्मक क्रियाकलापमा संलग्न रहि नतिजामुखी उपलब्धि हासिल गर्ने क्रियाकलापहरुमा सक्रिय रहने कार्य सम्झनुपर्छ र सो शब्दले प्रचलित व्यावसायिक, पर्यटकीय, साहसिक तथा परम्परागत खेललाई समेत जनाउँछ ।

(ग) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठित गाउँ खेलकुद विकास समितिको अध्यक्ष सम्झनु पर्छ ।

(घ) "युवा तथा खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १३ बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ ।

(ङ) "अपांगता भएका युवा" भन्नाले सबै प्रकारका शारीरिक र मानसिक अपांग भएका युवा सम्झनु पर्छ ।

(च) "तोकिएको' वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(छ) "खेलकुद समिति" भन्नाले दफा ३ बमोजिम गठित युवा तथा खेलकुद विकास समिति सम्झनु पर्छ ।

(ज) "सदस्य" भन्नाले दफा ३ बमोजिमको समिति सदस्य सम्झिनु पर्छ । सो शब्दले समितिको अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउनेछ ।

(झ) "सदस्य-सचिव" भन्नाले दफा ३ बमोजिम खेलकुद विकास समितिको सदस्य सचिव सम्झनु पर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्छ ।

(ट) "गाउँपालिका अध्यक्ष" भन्नाले बागमती गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "उपाध्यक्ष" भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ढ) "कार्यपालिका सदस्य" भन्नाले बागमती गाउँपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(त) "सल्लाहकार समिति" भन्नाले दफा ४ वमोजिम गठन भएको सल्लाहकार समिति सम्झनु पर्छ ।

**३. खेलकुद विकास समिति :** (१) खेलकुद क्षेत्रको विस्तार, प्रवर्द्धन, सम्वर्द्धन, उत्थान र विकासका लागि देहाय बमोजिमको खेलकुद विकास समिति गठन हुनेछ :

क) अध्यक्ष - गाउँपालिका अध्यक्षको प्रस्तावमा गाउँ कार्यपालिकाको निर्णयले तोकेको १ जना

ख) सदस्य - गाउँ कार्यपालिकाका प्रतिनिधि १ जना

ग) सदस्य - शिक्षक प्रतिनिधि १ जना

घ) सदस्य- खेलकुदका विभिन्न विधाबाट एक एक जना पर्नेगरी बढीमा तोकिएका ७ जना

ङ) सदस्य-सचिव - गाउँ कार्यपालिकाले तोकिएको कर्मचारी

(२) समितिको बैठकमा युवा तथा खेल क्षेत्रसँग सम्बन्धित विज्ञ तथा सुरक्षा निकायका प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमका सदस्य मनोनित गर्दा गाउँपालिकाको भूगोल र विविधताको समेत प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

(४) समितिको सबै काम कारवाहीको निमित्त आफनो छुट्टै छाप हुनेछ ।

(५) समितिको चल अचल सम्पत्ति गाउँपालिकाको हुनेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको गाउँ कार्यपालिकामा रहनेछ ।

**४. सल्लाहकार समिति गठनः** (१) युवा तथा खेलकुद विकास र प्रवर्द्धन एवम समितिलाई मार्गदर्शन गर्न देहाय वमोजिमको सल्लाहकार समिति रहनेछ:

क) गाउँपालिका अध्यक्ष: संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष: सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत: सदस्य

(घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख सदस्य

(ङ) युवा तथा खेलकुद क्षेत्रमा विशेष अनुभवी र दक्षता हासिल गरेका व्यक्तिहरु मध्येबाट समितिबाट मनोनित ५ जना : सदस्य

**५. पदावधि :** (१) दफा ३ को उपदफा (१) वमोजिम गठित समितिका पदेन बाहेकका सदस्यहरुको पदावधि तीन बर्षको हुनेछ ।

(२) दफा ३ को उपदफा (१) बमोजिमको कुनै सदस्यको पद रिक्त भएमा सोही बमोजिम पदपूर्ति गरिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि दफा ३ को उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुले आफनो पदीय जिम्मेवारी पूरा नगरेको, समितिको हित विपरित कुनै काम गरेको वा पद अनुरुपको आचरण नगरेको प्रमाणित भएमा त्यस्तो सदस्यलाई मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै बखत हटाउन सक्नेछ ।

**६ सदस्यको अयोग्यताः** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन:

(क) गैर नेपाली नागरिक,

(ख) पदेन बाहेकका कर्मचारी,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) १६ वर्ष उमेर पूरा नभएको,

**७. सदस्यता नरहने अवस्था:** देहायको अवस्थामा सदस्यता खारेज भएको मानिनेछ :

(क) दफा ६ बमोजिम सदस्यमा बहाल रहन अयोग्य ठहरिएमा,

(ख) राजिनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) विना सूचना लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

(ङ) दफा ५ को उपदफा (३) बमोजिम मनोनयन गर्ने निकाय वा अधिकारीले हटाएमा ।

**८. सदस्य सचिवको नियुक्ति, योग्यता, पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था :** (१) दफा ३ को उपदफा (१) (ङ) बमोजिम गाउँ कार्यपालिकाले देहाय वमोजिमको योग्यता पुगेका व्यक्तिलाई सदस्य सचिव नियुक्त गर्नेछ :

(क) नेपाली नागरिक,

(ख) प्रवीणता प्रमाणपत्र वा सो सरह परीक्षा उत्तीर्ण गरेको,

(ग) २५ वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको,

(घ) कुनै कानुनले अयोग्य नठहरिएको,

(ङ) खेलकुद सम्बन्धी गतिविधिमा जानकार रहेको।

(२) सदस्य सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा कम्तीमा बागमती गाउँपालिका सहायक चौथो तहमा कार्यरत कर्मचारीले पाउने सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था बमोजिम हुनेछ । निजले नियुक्ति भएको मिति देखि तलब एवं वार्षिक रुपमा चाडबाड खर्च पाउनेछ ।

**९. सदस्य सचिवको काम, कर्तव्य र अधिकारः** सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) दैनिक प्रशासनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) युवा तथा खेलकुद समिति सम्बन्धमा नीति निर्धारण गर्ने कार्यमा सहयोग गर्ने,

(ग) समितिको बैठकको निर्णय प्रमाणीकरण एवम् कार्यान्वयन गर्ने, गराउने,

(घ) समितिबाट स्वीकृत युवा तथा खेलकुद सम्बन्धी नीति, योजना र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(ङ) वार्षिक योजना, कार्यक्रम तथा वजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(च) वार्षिक प्रतिवेदन तयार गरी समिति समक्ष पेश गर्ने,

(छ) समितिले तोकेको अन्य कार्य गर्ने, गराउने ।

**१०. पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा सदस्य सचिव र मनोनीत सदस्यको पद रिक्त भएको मानिने छ :

(क) गाउँपालिकामा दिएको लिखित राजिनामा स्वीकृत भएमा तथा गाउँ कार्यपालिकाले निजलाई पदबाट हटाएमा

(ख) निजको मृत्यु भएमा

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा

**११. समितिको बैठक र निर्णय** : (१) अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनु पर्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

(२) समितिको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक महिनाको कम्तीमा एक पटक बस्नेछ ।

(५) एक तिहाई सदस्यले कारण र औचित्य सहित बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) अध्यक्ष तथा सदस्य-सचिवले बैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकालाई खेलकुद सम्बन्धी नीति तथा कार्यक्रमको विषयमा सुझाव दिने,

(ख) गाउँपालिकास्तरीय लगायतका खेलकुद प्रतियोगिता आयोजना गर्ने,

(ग) अन्तर स्थानीय तह, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(घ) विभिन्न खेलकुद प्रतियोगितामा खेलाडी तथा आवश्यकता अनुसार अन्य पदाधिकारीलाई पठाउने,

(ङ) खेलकुदको विकास प्रवर्द्धन, अनुसन्धान, अध्ययन, तालिम लगायतका कार्य गर्ने गराउने,

(च) रङ्गशाला, खेलकुद मैदान तथा अन्य खेलकुद संरचनाको निर्माण, सञ्चालन संरक्षण तथा रेखदेख गर्ने गराउने,

(छ) गाउँपालिकास्तरीय खेलकुद एकेडेमी सञ्चालनका साथै शिक्षण संस्थामा खेलकुद प्रशिक्षण लगायतका कार्य गर्न आवश्यक सहयोग गर्ने,

(ज) गाउँपालिकाको भूगोल तथा सन्तुलनका आधारमा समानुपातिक रुपमा खेलकुद विकास समिति गठन गर्ने र उक्त जनसंख्याको समितिलाई समन्वय र आवश्यक निर्देशन दिने,

(झ) आफ्नो तह र मातहतका खेलकुद सम्बन्धी संघ–संस्थाको नियमन गर्ने

(ञ) स्वदेशी तथा विदेशी प्रशिक्षकबाट प्रशिक्षणको व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनोट गरी विदेशमा समेत तालिम लिन पठाउने तर विदेशी प्रशिक्षक झिकाउँदा परिषद्को प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(ट) खेलाडीलाई आर्थिक सहायता तथा खेलवृत्ति प्रदान गर्नको लागि गाउँपालिका समक्ष सिफारिस गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) फरक क्षमता भएका व्यक्तिको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने गराउने,

(ढ) खेलकुद विकासको लागि गोष्ठी, सेमीनार आयोजना गर्ने,

(ण) खेलकुद पर्यटनको विकास गर्ने,

(त) परम्परागत खेलकुदको संरक्षण र प्रवर्द्धन गर्ने,

(थ) गाउँपालिकाको खेलकुद विकासका लागि प्राथमिकीकरण गर्ने गराउने,

(द) खेलाडीको अभिलेख राख्ने,

(ध) आवश्यकता अनुसार उप-समिति गठन गर्ने,

(न) अध्यक्षले बार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्ने,

(प) खेलकुदमा महिला सहभागिता विस्तार गर्न विभिन्न प्रतियोगिता आयोजना गर्ने,

(फ) गाउँपालिका भित्रका संघ, संस्था, क्लवहरुले खेलकुद प्रतियोगिताको आयोजना गर्दा गाउँ खेलकुद विकास समितिको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्थालाई कार्यान्वयन गराउने,

(ब) जिल्ला खेलकुद विकास समितिसँग आवश्यक सहकार्य र समन्वय गर्ने,

(भ) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्था गर्ने गराउने,

**१३. वडा स्तरीय खेलकुद विकास समिति :** (१) गाउँपालिका खेलकुद विकास समिति मातहतमा देहाय वमोजिमको वडा स्तरीय खेलकुद विकास समिति रहने छन् :

(क) गाउँपालिकाको खेलकुद विकास समितिको सिफरिसमा वडा कार्यसमितिले तोकेको खेलकुदको क्षेत्रमा क्रियाशील व्यक्ति -अध्यक्ष

(ख) वडा समितिले तोकेको वडा सदस्य एक जना -सदस्य

(ग) युवा तथा खेलकुदको क्षेत्रमा अनुभव भएका व्यक्तिहरु मध्येबाट दुई जना -सदस्य

(घ) संघ संस्थाबाट एक जना महिला सहित दुई जना -सदस्य

(ङ) वडा सचिव -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. युवा तथा खेलकुद सम्बन्धी संस्थाको आवद्गता नवीकरण :** (१) युवा तथा खेलकुद सम्वन्धी कियाकलाप आयोजना गर्ने क्लव, संघ वा संस्थाको आवद्गता गाउँपालिकास्तरीय खेलकुद विकास समितिसँग हुनेछ ।

(२) यसअघि अन्य निकायमा दर्ता तथा सूचीकृत अध्यावधिक युवा तथा खेलकुद सम्बन्धी संस्था यो ऐन लागु भएपछि यस ऐन बमोजिम आवद्द हुनु पर्नेछ ।

(३) दफा १४ को उप दफा १ बमोजिम आवद्ध हुन चाहने युवा तथा खेलकुद सम्बन्धी सस्थाले देहाय बमोजिमका विवरण खुलाई समितिमा निवेदन दिनुपर्नेछ ।

(क) संस्था वा क्लवको नाम

(ख) संस्था वा क्लवको ठेगाना

(ग) संस्था वा क्लवको सम्पर्क नं र इमेल आईडी

(घ) संस्था वा क्लवको सञ्चालक समितिको नाम, पद, ठेगाना र सम्पर्क नं.

(ङ) संस्था वा क्लवको दर्ता प्रमाणपत्र संस्था वा क्लवको संस्था नवीकरण प्रमाणपत्र

(च) आबद्ध हुने निर्णयको प्रतिलिपि

(छ) संस्था वा क्लवको पछिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदन

(३) दफा १४ को उपदफा २ वमोजिम आवद्दता प्राप्त गर्ने संस्था वा क्लव, आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नवीकरण भई सक्नुपर्नेछ ।

(४) गाउँपालिकामा नै दर्ता भएका र युवा तथा खेलकुदलाई मुख्य उद्धेश्य बनाएका संघसंस्था वार्षिक नवीकरणको समयमा स्वतः आवद्धता समेत नवीकरण गरिने छ ।

**१५. आवद्धता गर्न सक्ने :** (१) दफा १४ बमोजिम आवद्दता वा नवीकरण गराउनको लागि दरखास्त परेमा समितिले १५ दिन भित्र आवश्यक जाँचबुझ गरी त्यस्तो संस्थाको आवद्धता नवीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आवद्धता भएमा आवद्ध गरिएको सूचना र आवद्धता गर्न नसकिने भएमा सोको सूचना सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम आवद्धता हुने संस्थालाई तोकिए वमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गरिने छ ।

**१६. विधान संशोधनको सूचना :** (१) यो ऐन बमोजिम समितिमा आवद्धता भएको युवा तथा खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम आवद्धताका लागि दिएको निवेदनमा उल्लेख भएको व्यहोरा वा निवेदन साथ सलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नुपर्ने कारण सहितको तीन महले तयार गरी सूचना तीस दिन भित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि हेरफेर गर्नुपर्ने कारण उचित देखेमा समितिले हेरफेरको व्यहोरा अध्यावधिक गर्नु पर्नेछ ।

**१७. हिसावको श्रेस्ता राख्नुपर्ने :** (१) युवा तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको आम्दानी खर्चको हिसाबको श्रेस्ता तोकिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम युवा तथा खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ गाउँपालिकाले जुनसुकै बेला गर्न गराउन सक्नेछ ।

**१८. निर्देशन दिने :** (१) समितिले संस्थालाई खेलकुद विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित युवा तथा खेलकुद संस्थाको हुनेछ।

(२) उपदफा(१) बमोजिम समितिले निर्देशनको पालना नगर्ने सम्बन्धी युवा तथा खेलकुद संस्था वा दफा १७ बमोजिमको समितिले तोकिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने युवा तथा खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो आवद्धता बाट कट्टा गर्न सक्नेछ।

(३) उपदफा (२) वमोजिम समितिले आवद्ध भएका कुनै युवा तथा खेलकुद सम्बन्धी संस्थाको कट्टा गरेमा त्यसको सूचना सम्बन्धितसंस्थालाई दिनु पर्नेछ।

**१९. स्वीकृति लिनुपर्ने :** युवा तथा खेलकुद सम्वन्धी संस्थाले राष्ट्रिय, अन्तर्राष्ट्रिय युवा सम्वन्धी कार्यक्रम वा खेलकुद प्रतियोगिता सञ्चालन र अन्य देशका युवा तथा खेलाडीलाई आमन्त्रण गर्ने तथा अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने युवा एवम खेलकुद विषयको सभा सम्मेलनमा भाग लिन प्रचलित कानुन वमोजिम स्वीकृति लिनुपर्नेछ।

**२०. समितिको कोष :** (१) समितिको आफ्नो एउटा छुटटै कोष हुनेछ र कोषमा देहायको रकम रहनेछ :

(क) नेपाल सरकार र प्रदेश सरकार, गाउँपालिकावाट प्राप्त रकम,

(ख) खेलकुद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापतको शुल्क,

(ग) खेलकुद सम्बन्धी पूर्वाधार उपयोग गर्न दिए बापतको शुल्क,

(घ) खेलकुद प्रर्दशन गरी आर्जन भएको रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान रकम,

(च) नेपाल सरकारको अनुमतिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(छ) अन्य कुनै श्रोतबाट प्राप्त रकम,

(२) समितिको नामबाट गरिने सबै खर्च कोषवाट व्यहोरिने छ।

(३) समितिको कोषमा बाँकी रहने रकम बैंकमा खाता खोली जम्मा गरिने छ।

(४) समितिको आफ्नै बैंक खाता हुनेछ।

(५) समितिको खाता संचालन तोकिए बमोजिम हुनेछ।

**२१. सम्झौता गर्दा स्वीकृति लिनुपर्ने :** गाउँपालिकाले आफ्नो युवा तथा खेलकुद सम्वन्धी कार्य सञ्चालनको सिलसिलामा विदेशी सरकार वा अन्तर्राष्ट्रिय साझेदार वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

**२२. लेखा र लेखापरीक्षण :** (१) समितिको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

(२) समितिको आन्तरिक लेखापरीक्षण बागमती गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले गर्नेछ।

(३) समितिको अन्तिम लेखापरीक्षण गाउँपालिकाको लेखापरीक्षणसँगै महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(४) गाउँपालिकाले समितिको आय-व्ययको लेखा तथा सो सम्बन्धी कागजात नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

**२३. सदस्यको भत्ता :** (१) सदस्यले गाउँपालिकास्तरीय समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा नियमानुसार भ्रमण तथा दैनिक भत्ता पाउनेछ ।

**२४. कर्मचारी सम्बन्धी व्यवस्था :** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाबाट स्वीकृत संगठन संरचना र दरबन्दी बमोजिमको कर्मचारी राख्न सक्नेछ ।

(२) गाउँपालिकाले आवश्यकता अनुसार विज्ञ, प्रशिक्षक लगायतका अन्य व्यक्तिलाई सेवा करार गरी काममा लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारी आवश्यकता अनुसार गाउँपालिकाले उपलब्ध गराउनेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको कार्य सञ्चालन गर्न गाउँ कार्यपालिकाको निर्णय बमोजिम समितिको सदस्य सचिवले कर्मचारीको रुपमा पूर्ण अधिकार सहित काम गर्न सक्नेछ ।

**२५. अधिकार प्रत्यायोजन :** समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार अध्यक्ष वा उपाध्यक्ष वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**२६. गाउँपालिकाले निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले खेलकुद क्षेत्रको विकास गर्नको लागि समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले दिएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**२७. सजाय र कारवाही :** (१) समितिले देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय गर्नेछ ।

(क) समितिले दिएको निर्देशन पालना नगर्ने खेलकुद विकास समिति वा युवा तथा खेलकुद सम्बन्धी संस्थालाई पहिलो पटक चेतावनी सहित पाँच हजार रुपैयाँ जरिवाना र सोही कसुर दोहोर्‍याएमा समिति वा संस्था खारेजीसम्म पनि गर्न सक्नेछ ।

(ख) कुनै खेलाडी वा खेलाडीको समूह वा प्रशिक्षक वा व्यवस्थापक वा रेफ्रीले खेलको प्रतिस्पर्धाबाट आउने स्वभाविक परिणामलाई प्रतिकूल हुनेगरी मिलोमतोमा वा प्रलोभनमा परी खेल खेले वा खेलाएमा, वडास्तरको खेलकुद प्रतियोगिताको हकमा पाँच हजार रुपैयाँ जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलबाट प्रतिबन्ध गर्नुका साथै गाउँपालकिास्तरको खेलकुद प्रतियोगिताको हकमा दश हजार रुपैया जरिवाना र एक वर्ष सम्म सोहीस्तरको खेलवाट प्रतिवन्ध गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम समितिले गरेको सजाय उपर चित्त नबुझेमा पैंतीस दिनभित्र गाउँपालिकाको न्यायिक समिति समक्ष उजुर गर्न सकिनेछ ।

**२८. प्रशिक्षण प्रतिष्ठान गठन र सञ्चालन :** (१) गाउँले युवा तथा खेलकुदको विकासका लागि खेलकुद विकास प्रशिक्षण प्रतिष्ठान स्थापना गर्न सक्नेछ।

(२) यसरी गठन हुने प्रतिष्ठानले आवश्यकता अनुसार आवासीय र गैरआवासीय रुपमा प्रशिक्षण गर्न सक्नेछ।

(३) प्रशिक्षण प्रतिष्ठान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२९. सपथ ग्रहण गर्नुपर्नेः** समितिका अध्यक्षले गाउँपालिका अध्यक्ष समक्ष तथा पदेन सदस्य बाहेकका अन्य सदस्यहरुले आफ्नो कार्यभार सम्हाल्नु अघि समितिको अध्यक्ष समक्ष तोकिएको ढाँचामा सपथ लिनु पर्नेछ।

**३०. बार्षिक प्रतिवेदनः** समितिले आफ्नो वर्षभरि गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

**३१. भाग लिन नहुनेः** समितिको सदस्यले समितिको ठेक्कापट्टा लिन वा आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन पाइने छैन।

**३२. नियम बनाउने अधिकार :** यस ऐन कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

**३३. यस ऐन बमोजिम हुने :** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर